# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

Phone : 4258174
4266034
4255707
AG Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं नेपाल
Babar Mahal, Kathmandu, Nepal


महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

## प्रेस विज्ञप्ती

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७४ श्रावण ३ गते, मंगलवार

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगाल र नेपाल धितोपत्र बोर्डका अध्यक्ष डा. श्री रेवत बहादुर कार्की बिच धितोपत्र बोर्डको नियमन कार्य क्षेत्र भित्र रहेका सरकारी तथा सार्वजनिक निकायहरुको लेखापरीक्षण, वित्तिय अनुशासन पालना र संस्थागत सुशासन लगायतका विषयमा छलफल भयो ।

उक्त छलफलमा महालेखा परीक्षकज्यूले धितोपत्र बोर्डको कार्य क्षेत्र भित्र पर्ने संस्थाहरुको नियमनलाई प्रभावकारी बनाउने, समयमै लेखापरीक्षण गर्ने स्थिति तयार गरी त्यस्ता निकायको संस्थागत सुशासन, वित्तीय अनुशासन र पारदर्शीता प्रबर्द्धन गर्ने कार्यमा ध्यान दिन निर्देशन दिनुभयो ।

त्यसैगरी लामो समयसम्म तोकिए बमोजिम लेखापरीक्षण नगराउने निकायको शेयर कारोबार रोक्का गर्ने तथा धितोपत्र बजारसँग सम्बन्धित ऐन, नियम र कानुनी व्यवस्थालाई समयसापेक्ष र स्पष्ट बनाउने तर्फ समेत बोर्डको ध्यानाकृष्ट गर्नुभयो ।

अशोक कुमार कार्की
निर्देशक/सहायक-प्रवक्ता